# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लहान (सिरहा)
प्रदेश नं.२, नेपाल
(आन्तरिक राजश्व व्यवस्थापन उप-शाखा)

## वातावरण, नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्क संकलन ठेक्का सम्वन्धी शिलवन्दी बोलपत्र आह्वान सूचना ।

**(सूचना प्रकाशित मिति २०७८/०४/२० गते)**

चालु आ.व. २०७८/०७९ (२०७८ आश्वीन १ गते देखि २०७९ जेष्ठ मसान्त) सम्मको लागि यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमको स्थानीय पूर्वाधार सेवा र उपयोगमा लाग्ने सेवा शुल्क यस नगरपालिकाको निर्णयानुसार देहाय वमोजिमको सेवा शुल्क संकलन ठेक्का वन्दोवस्त गर्न पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट देहाय वमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना आह्वान गरिएको छ ।

तपसिल :-

| सि. नं. | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम अंक रकम रु. (भ्याट समेत) दुर्गा पुजा चन्दा/आयकर वाहेक | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| ०१. | ०२/०७८/०७९ | वातावरण, नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्क | १००,००,०००।- | ५,००,०००/- | ३,०००/- |

शर्तहरु :-

०१. शिलवन्दी बोलपत्र खरिद गर्न ईच्छुक व्यक्तिले आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्म, संस्था वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७६/०७७ कालागि नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता/स्थायी लेखा नम्वर (पान) र आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० (औं) दिन अर्थात् मिती २०७८/०५/१७ गतेसम्म कार्यालय समयभित्र तोकिएको बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप-शाखावाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ३१ (औं) दिन अर्थात् २०७८/०५/१८ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० वजे पछि नगरकार्यपालिकाको कार्यालय, लहानमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको बोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

०३. बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. बोलपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०५. शिलवन्दी बोलपत्र साथ आफूले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लि.,लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३०००००३०००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैकवाट जारी गरिएको वोलकवोल जमानी पत्र (कम्तीमा १२० दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम बोलपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्मेवार हुनेछैन, साथै त्यस्तो बोलपत्रहरु अमान्य हुनेछ ।

०६. बोलपत्र स्वीकृत भएपछि ठेक्का अंकको अतिरिक्त न.पा.द्वारा संचालित दुर्गा पूजाचन्दाकोलागि १.५% र १.५% आयकर रकम ठेक्का अंकमा जोडी कायम भएको रकम (दुई किस्ता) मा बुझाउनु पर्नेछ । किस्तावन्दीमा रकम बुझाउने भए कबोल अंकको ५०% रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ । बाँकी दोश्रो किस्ताको रकमको हकमा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको कम्तीमा २०७९ आषाढ मसान्तसम्म म्याद भएको परफरमेन्स बण्ड पेश भएपछि वा व्यक्तिको नाउँको धनजमानी वापत जग्गा रोक्का भएमा मात्र सम्झौता गरी

२०७८।४।१९
प्रमुख प्रशासकीय अधिकृत

चलन पूर्जि पट्टा दिईनेछ । दोश्रो किस्ताको रकम २०७८ फाल्गुण मसान्त भित्र बुझाई सक्नु पर्नेछ । तोकिएको म्यादमा किस्ता रकम नबुझाएमा नियमानुसार ठेक्का तोडने वा रोक्का जम्मा/परफरमेन्स बण्डवाट असुल उपर गरिनेछ ।

०७. काबु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक्का अंक मानिनेछ ।

०८. शिलवन्दी बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

०९. वातावरण, नदी नियन्ण तथा सडक मर्मत संभार सेवा शुल्क संकलन गर्दा शुल्कदातालाई दिईने रसिद यस कार्यालयले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फबाट छपाई कार्यालयबाट प्रमाणित गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्न पाईने छ र दोहोरो सेवा शुल्क लिन पाईने छैन । साथै प्रमाणित बिनाको रसिद प्रयोग गरेको पाईएमा नगरपालिकाद्वारा कानूनी कार्यवाही गरिनेछ ।

१०. दरवन्दी भन्दा वढी सेवा शुल्क रकम उठाएमा वा नगरपालिकाको अहित हुने काम कार्यवाही गरेमा ठेक्का तोडने तर्फ आवश्यक कार्यवाही अघि वढाउने छ ।

१२. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका वोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० वजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि वोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

१४. प्रि-विड वैठक यो सूचना प्रकाशित मितिले १२ औं दिनको २:०० वजे लहान नगरपालिका कार्यालयमा हुने छ । ईच्छुक वोलपत्रदाताहरुले उक्त वैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त वैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

१५. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार वोलपत्र वन्दोवस्त गरिने छ । यस नगरपालिका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धीत स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड वमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस वोलपत्र सम्झौतको अभिन्न अंङ्ग मानिनेछ ।

१६. बोलपत्र सम्वन्धी केही थप कुरा वुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सर्म्पक राखी वुझ्न सकिनेछ ।

## वातावरण, नदी नियन्त्रण तथा सडक मर्मत संभार सेवा शुल्क संकलन दररेटहरु (प्रति ट्रीप)

| सि. नं. | गाडीको किसिम | दररेटहरु | | | | | अन्य सामग्री |
|---|---|---|---|---|---|---|---|
| | | ईट्टा | भरौट वालुवा, माटो (निजी माटो वाहेक) | वालुवा | ढुंङ्गा | गिट्टी | |
| ०१. | टायरगाडा एकको | ३०।- | २०।- | ३०।- | ३०।- | ३०।- | ..... |
| ०२. | सिंगल क्याप पिकअप | | | | | | २०।- |
| ०३. | पावर टयाक्टर तथा सानो टयाक्टर एकको | ६०।- | ४०।- | ६०।- | ६०।- | ६०।- | ..... |
| ०४. | दुई पाग्रे ट्रली भएको टयाक्टर एकको | १००।- | ६०।- | १००।- | १५०।- | २००।- | २५।- |
| ०५. | चार पाग्रे ट्रली भएको टयाक्टर एकको | १२५।- | ८०।- | १२५।- | १५०।- | २००।- | २५।- |
| ०६. | मिनी ट्रक एकको | १२५।- | ८०।- | १२५।- | १५०।- | २००।- | ३०।- |
| ०७. | ६ चक्का ट्रक वा टिपर एकको | ३५०।- | २५०।- | ३५०।- | ४००।- | ५००।- | ५०।- |
| ०८. | १० चक्का टिपर एकको | ५००।- | ३००।- | ५००।- | ५५०।- | ६००।- | १००।- |
| ०९. | १० चक्का वा सो भन्दा माथिको ट्रक/टिपर | ५००।- | ३००।- | ५००।- | ५५०।- | ६००।- | १००।- |

२०७८/८/१५
नि.प्रमुख प्रशासकीय अधिकृत